नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १५२ २०७७ साल माघ १ गते बिहीबार (14 Jan. 2021 Thursday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : डोमः बाँस, बेत र ... ३ पृष्ठमा : एन्टिवडी परीक्षणका लागि ... ३ पृष्ठमा : अमेरिकामा राष्ट्रपति ...

# मालपोतमा चरम लापरवाही, सेवाग्राही हैरान




*तस्बिर : राजविराज दैनिक*



**दैनिक समाचारदाता
राजविराज, २९ पुस ।**

जिल्लामा एउटा यस्तो सरकारी कार्यालय छ जसमा सेवाग्राहीलाई आफ्नो काम गराउन महिनौं लाग्दछ । उक्त सरकारी कार्यालय हो यहाँस्थित भूमिसुधार तथा मालपोत कार्यालय ।

एक सेवाग्राही गत मंसिर २३ गते देखी आफ्नो जग्गा दृष्टिबन्धक गराउन उक्त कार्यालय धाइरहेका छन् । तर, पुसको २९ गतेसम्ममा पनि उनको सो काम हुनसकेको छैन् । बैंकमा जग्गा राखेर ऋण लिनका लागि उनी झण्डै डेढ महिनादेखी मालपोत कार्यालय धाइरहेका छन् । उनको कहिले कागजात हराउने र कहिले कागजात नै अपुग भएको भन्दै कर्मचारीहरु पटक पटक थर्काउने गरेका छन् । यति मात्र नभएर दिनहुँ कुनै नयाँ नयाँ बहाना बनाएर आफूहरुलाई फर्काउने गरेको अधिकांश सेवाग्राहीहरुको गुनासो छ ।

६५ यस्तै अर्का सेवाग्राही झण्डै एक वर्षदेखी आफ्नो जग्गा नामसारी गराउन धाइरहेका छन् । उनी हुन् शम्भुनाथ नगरपालिकाका सत्यनारायण चौधरी । उनी भन्छन्- विगत एक वर्षदेखी जग्गा नामसारीका लागि धाउँदा धाउँदा हैरान छु, तर अहिलसम्म काम भएको छैन् । उनले थपे, पटक पटक यहाँका कर्मचारीले विभिन्न वहाना देखाउँदै कामै नगरि थर्काउने गरेका छन् । जग्गा नामसारी गराउन दुबै पक्षको अनिवार्य उपस्थिती आवश्यक छ । पाँच पटक दुबै पक्ष मालपोत कार्यालय आउँदा पनि जग्गा नामसारी कुनै न कुनै बहानामा टार्दै गएको गुनासो पनि चौधरीले गरेका छन् ।

बाध्य भएर संचारकर्मीको सम्पर्कमा आएका उनले मालपोत कार्यालयमा बुझाउनु पर्ने वडाको सिफारिसको ३५ दिने म्याद दुई पटक गुज्रिसकेको तथा तेश्रो पटक पुनः सिफारिसका लागि आफू दौडिरहेको दुखेसो समेत सुनाएका छन् ।

यस्तो समस्याबाट पीडित चौधरी एउटा मात्र प्रतिनिधि पात्र होइन् । यस्तो समस्याबाट सयौं सेवाग्राहीहरु पीडित रहेका छन् । मालपोतको कछुवातालले काम गर्ने शैलीबाट यहाँका सेवाग्राहीहरु निकै मारमा परेको भन्दै अविलम्ब सरल र सहज ढंगबाट सेवा प्रवाहा गर्न व्यवस्था मिलाउन स्थानियले माग गरेका छन् ।

यता मालपोत कार्यालयका एक जिम्मेवार कर्मचारीले कर्मचारीको अभावका कारण यस्तो समस्या देखिएको लाचारी सुनाएका छन् । उनले यस सन्दर्भमा सेवाग्राहीबाट गुनासो आइरहेको र यसको व्यवस्थापनका लागि आफूहरु प्रयासरत रहेको बताएका छन् ।

श्रोतका अनुसार नजराना लिई पुग्ने गरेका सेवाग्राहीहरुको काम छिटो छरितो ढंगले हुने तथा नजराना नदिने सेवाग्राहीको काम विभिन्न वहानामा कर्मचारीहरुले अड्काउने गरेको छ ।

अर्कोतिर कोरोनाको जोखिम कायमैं रहेको अवस्थामासो कार्यालयमा स्वास्थ्य मापदण्डको कुनै पालना गरेको पाइएको छैन् । कार्यालय समयमा अत्याधिक भिडभाड हुने गरेपनि स्वास्थ्य सुरक्षा, सतर्कता तथा भिड व्यवस्थापनको कुनै व्यवस्था कार्यालय परिसरमा देखिदैन् ।

## बाबुले घरमा आगो लगाउँदा दुई छोराको मृत्यु

मान्म, २९ पुस (रासस) ।

कालीकोट जिल्लाको नरहरिनाथ गाउँपालिका-७ दुदुल्लीमा बाबुले घरमा आगो लगाउँदा दुई छोरा जलेर मुत्यु भएको छ ।

नरहरिनाथ-७ का भैरे बटालाले आफ्नो घरमा आगो लगाउँदा उनका दुई छोराको जलेर मङ्गलबार राति मृत्यु भएको हो । भैरे विष सेवन गरेर आफू पनि गम्भीरावस्थामा रहेको जनाइएको छ ।

घरायसी झगडाका कारणले बटालाले घरमा आगो लगाउँदा उनका १२ वर्षीय र सात वर्षीय छोरा क्रमशः गणेश र मनबहादुरको मृत्यु भएको तथा अर्का चार वर्षीय छोरा खगेन्द्र भने घाइते भएको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी प्रमुख चक्रबहादुर शाहले बताउनुभयो ।

# चिसोका कारण समस्यामा परेका बालबालिकालाई सहयोग



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता
राजविराज, २९ पुस ।**

चिसोका कारण विद्यालय जान समस्यामा परेका बालबालिकालाई विद्यालयमै पुगि सैंनिक श्रीमती संघ तथा अजिज फाउण्डेशन नेपालले न्यानो कपडा बितरण गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको विकट गाउँ गोबरगाढास्थित सारदा आधारभूत विद्यालयका १ सय ३५ बालबालिकालाई विद्यालयमै पुगेर सैनिक श्रीमती संघ भद्रकालिले स्कुल ब्याग, जुत्ता, मोजा तथा अजिज फाउण्डेशन नेपालले ट्र्याकसुट र टिसर्ट बितरण गरेको हो ।

नेपाली सेना भिम दल गण राजविराजसितको समन्वयमा विद्यालयमा आयोजित एक कार्यक्रमबीच सैनिक श्रीमती संघी सदस्य सुप्रिया थापा, भिम दल गणका गणपति प्रमुख सेनानी निरज भण्डारी, फाउण्डेशनका संस्थापक अध्यक्ष सेरकी लामु शेर्पा, संस्थापक सदस्य रोशन भण्डारी, एम्बेसडर डा. किशन भण्डारी लगायतले उक्त सामाग्रि बालबालिकालाई बितरण गरे ।

चिसोबाट बढी प्रभावित तथा आर्थिक रुपले कमजोर गरिब,

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# क्षमता भन्दा दोब्बर यात्रु ओसारपसारप्रति ध्यान पुगोस्

सप्तरीको विभिन्न सडकहरुमा संचालित अधिकांश टेम्पु, म्याजिक, ई-रिक्साले क्षमता भन्दा दोब्बर यात्रुहरु ओसार पसार गर्ने गरेका छन् । आफु मनोपरी तरीकाबाट टेम्पु चालकहरुको तीन चक्काको टेम्पुमा क्षमताभन्दा दोब्बर अर्थात तल्ल माथि यात्रुहरु प्रशासन सामुने ओसार पसार गरेपनि प्रहरी प्रशासन मौन रहेको छ । आफ्नो आय श्रोत बढाउन संचालित सवारीसाधनका व्यवसायीहरुले सर्वसाधारणको ज्यान जोखिममा पारी संचालन गर्दै आएपनि त्यसतर्फ ट्राफिक प्रहरी समेत बेखबर बनेका छन् ।

टेम्पु व्यवसायीको यस्तो गैर जिम्मेवारीपूर्ण कार्यप्रति राज्य, स्थानीय प्रशासन र ट्राफिक प्रहरीको समेत कुनै चासो नदेखिएकाले सर्वसाधारणहरु आफ्नो ज्यान जोखिममा पारेर पनि यात्रा गर्न बाध्य भएका छन् । राजविराज-लहान, राजविराज-कंचनपुरसडक खण्डमा समेत साना र हलुका सवारीसाधनहरुले यस्तै गैर जिम्मेवारी निर्वाह गर्दै आएकोमा स्थानीयवासी तथा यात्रुहरु चिन्तित बनेका छन् ।

तसर्थ क्षमता भन्दा दोब्बर यात्रुहरु दिनहुँ ओसार पसार गरेकै कारण सो सडकमा सवारी दुर्घटना बढ्ने सम्भावना बढेकोले तथा सर्वसाधारणहरुको ज्यानको जोखिमबाट मुक्ति पाउनका लागि समयमै स्थानीय प्रहरी प्रशासनको ध्यान जानुपर्ने आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ऋण तिर्न घरबास बेच्दै सर्लाहीका उखु किसान

सर्लाही, २९ पुस (रासस) ।

सर्लाहीका सयौं किसान अहिले घरघडेरीसमेत जोगाउन नसक्ने अवस्थामा पुगेका छन् । उनीहरूले उखु खेतीबाट मनग्गे आम्दानी हुने विश्वास गरेका थिए । मल, बीउ मात्र नभइ जग्गा भाडाबापतको ऋण ३६ प्रतिशत ब्याजसहित बढिरहेको छ । उखु किन्ने मिलका साहुको बेइमानीका कारण वर्षौंदेखिको बक्यौता बाँकी रहेको छ । यसैले उखु उत्पादनमा लागेको ऋण तिर्न यतिखेर यहाँका किसान आफ्नो घरखेत नै बेच्न बाध्य भएका छन् ।

सर्लाहीको धनकौल गाउँपालिका-२ का रुचा साह यतिवेला १० धुर घडेरी र घरसमेत साहुलाई बुझाउनुपर्ने चिन्तामा छन् । उनले उखु खेतीबाट राम्रो आम्दानी हुने विश्वास गरेका थिए । साठी वर्षका रुचाका श्रीमती, दुई छोरा, दुई बुहारी र चार नाति-नातिनासहित १० जनाको परिवार छ । सम्पत्तिको नाममा खपटाले छाएको एक तलाको घरबाहेक केही छैन। त्यो घर पनि उनले भारतको पन्जाबमा ज्यामी गरेर जोडेका हुन। आफ्नै गाउँमा किसानी गर्छु भन्ने सोचेर उनले लगानी गरे तर सफल हुन सकेनन् । आफूले किसानी गर्छु भनेर शुरु गरेको र त्यसमा पनि उखु खेती त झन् दशा लागेरै गरिएझैँ भएको उनको गुनासो छ ।

खेती गर्न आफ्नै जमिन थिएन, जग्गा भाडामा लिएर उनले उखु खेती गर्न शुरु गरे । रुचाले रु दुई हजार पाँच सय प्रतिकट्ठाका दरले स्थानीय महाजनको तीन बिघा जग्गा भाडामा लिएका थिए तर उखु बेचेको पैसा आएन, साहुले जग्गा भाडाको पैसा छाडेनन्। जसका कारण उनले आफैँ बस्ने घर पनि गतवर्ष नै साहुको नाममा बन्धकी सहीछाप गरिदिएका छन्। यता भाडाको रकमको ब्याज बढेको बढ्यै छ, उता उखु मिलले साँवा पनि दिने ठेगान छैन। त्यसमाथि साँझ-बिहान भेट हुने जग्गा साहुले ऋण निखन्न ताकेता गरेका छन् । उता उखु मिल साहुले रकम दिने कुरा त फरै जाओस नाकमुख समेत देखाउन छोडे । जीवन दिन प्रतिदिन गाह्रो हुदै गएको उनको गुनासो छ ।

घरनजिकैको अन्नपूर्ण चिनी उद्योगलाई आर्थिक वर्ष ०७४/७५ मा बेचेको पाँच सय क्विन्टल उखुको एक पैसा पनि नपाएको जिल्लाका उखु उत्पादक किसानहरूको गुनासो छ । भाडा बापतको रु तीन लाख एक वर्षसम्म तिर्न नसकेपछि साहुले अहिले ब्याजदर ३६ प्रतिशतले बढाएका छन् । रु तीन लाखको ब्याज मात्रै एक वर्षमा रु एक लाख आठ हजार हुन्छ। "मिलले पैसा दिएको भए ऋणमा डुब्नुपर्ने थिएन," उनी भन्छन्, "घरनजिकै उद्योग खुलेपछि उखु बेच्न पाइन्छ भनेर खुशी लागेको थियो तर यो त गरिब किसानको उठिबास लगाउन आएको रहेछ।" समस्या त यो छ कि अन्नपूर्ण सुगर मिलले २०७४ सालकै पैसा भुक्तानी गर्न बाँकी राखेको छ ।

उखुमा लागेको मल, बीउ, कटानी, ढुवानी खर्च र जग्गा भाडाबापतको ऋणले उनलाई समस्यामा पारेको छ। "अब परिवारलाई के खुवाउने होला? अब ब्याज पनि तिर्न नसक्ने र मिलबाट पैसा नपाउने हो भने सुकुमबासी बन्ने निश्चित छ" उनले गुनासो गरे । सोही गाउँका हरिनन्दन राय यादवले पनि तीन वर्षअघि उद्योगलाई दिएको उखुको पैसा पाएका छैनन्। उद्योगले उनलाई रु दुई लाख ५० हजार भुक्तानी गर्न बाँकी रहेको छ । आफू पैसा माग्न उनी दर्जनौँपटक पुगिसकको तर पैसा पाउने छाँटकाँट नदेखिएको बताए । "उखुको पैसा आएपछि घर बनाउँला भनेको छु, तर अहिलेसम्म बेहाल छ।"

दुई छोरालाई विद्यालय भर्ना गर्न पनि उनले ऋण लिनुपरेको छ। मासिक शुल्क तिर्न सकेका छैनन्। घरखर्च, छोराहरूको पढाइ खर्च, वेलाबखत उपचार खर्च र खेतीपाती गर्दाको खर्च तिर्न समेत ऋण लिनुपरेको छ। उनले महाजनबाट रु तीन लाख ऋण लिइसकेका छन्। अब त्यो ऋण कसरी तिर्ने भन्ने चिन्तामा उनि पनि पिरोलिएका छन्। उद्योगले पैसा दिए साहुको ऋण तिरेर ढुक्क भएर बस्ने रहर रहेको हरिनन्दनको भनाई छ तर आफ्नै पसिनाको मूल्य पनि सपनाको फलजस्तो भएको छ।

धनकौल गाउँपालिका-६ हनुमान नगरका द्रोण राय यादवले पनि दुई वर्षअघि अन्नपूर्ण चिनी उद्योगलाई रु सात लाख बराबरको उखु बेचे तर उद्योगले अहिलेसम्म एक पैसा पनि दिएको छैन। उनले किसानी गर्दा लागेको ऋण तिर्न सात कट्ठा खेत बेचे। उनी अहिले पनि पैसा लिन सकिन्छ कि भनेर दैनिक उद्योग धाउँछन् तर निराश घर फर्किनु परेको उनको पनि गुनासो छ ।

सोही गाउँका जोगिन्दर रायको समस्या पनि उस्तै छ । उद्योगले पैसा नदिएपछि ठूलो समस्यामा परेको गुनजासो छ उनको पनि । साठी वर्षका रायले यसअघि भाडामा जग्गा लिएर उखु लगाउँथे । उद्योगले पैसा नदिएपछि उनले साहुलाई पैसा दिन सकेनन् त्यसैले खेत खोसियो। ऋणको दायित्वबाट उनी मुक्त भएका छैनन्। उनलाई बरु अब साहुले आफ्नो घरवास नै कहिले उठाउने हो भन्ने डर लागेको छ ।

छोरी मुटुको बिरामी छिन। अपांगता भएका उनका एक छोरालाई स्कुलमा भर्ना गर्दाको ऋणसमेत बाबु जोगिन्दरले आजसम्म पनि तिर्न सकेका छैनन् । जम्मा पाँच कट्ठा जग्गामा उब्जेको अन्नले उनको परिवारलाई वर्षदिन खान पुग्दैन। "उखु बेचेको वर्षौं भयो, मिलले पैसा दिने कुरै गर्दैन। यो सङ्कट कसरी टार्नु ? यतिखेर मलाई जस्तो समस्या त अरु कसलाई होला र ?" उनी गुनासो गर्छन् ।

त्यस्तै जिल्लाको गोडैता नगरपालिका- १० का नथुनी ठाकुरको कहानी झन् दर्दनाक छ। उनले उखुको कटानी, ढुवानी खर्च तिर्न गाउँकै महाजनसँग ब्याजमा ऋण लिएका थिए। "उखुको पैसा आउला र तिरौँला भन्दाभन्दै दुई वर्ष बित्यो तर पैसा आएन। यता महाजनले ऋण तिर्न ताकेता गर्न थाले," उनी भन्छन्, "ऋण तिर्ने कुनै उपाय नभएपछि आफैँ खेती गरेर खाने पाँच कट्ठा जग्गा नै बेचेर महाजनको ऋण तिरेँ।" त्यसपछि उनलाई ऋणको झमेला त हट्यो तर साँझबिहान छाक टार्नै मुस्किल छ।

खेती गरेको आफ्नो जमिन खेतै बेच्नुपर्ला भन्ने सपनामा पनि नसोचेका ठाकुरले बताए। नजिकै उद्योग स्थापना हुँदा उखु बेच्न सजिलो हुने भयो भनेर खुशी भएका उनलाई मिलले रुवाएपछि अहिले गाउँमा मिल नखुलेको भए हुने थियो भन्ने लागेको छ ।

जिल्लाको महालक्ष्मी र अन्नपूर्ण सुगर मिलले उखु किसानलाई रु ३०-४० हजारदेखि १०-१५ लाखसम्म बक्यौता दिन बाँकी छ। खेतीपातीलाई मुख्य पेसा बनाएका किसानमध्ये ८० प्रतिशतले अरूको खेत ठेक्का/बटैयामा लिने गर्छन् । अधिकांश किसानले खेतमा उत्पादन गरेको अन्नपात बेचेर ठेक्का/बटैया बुझाउँछन्। वर्षौंसम्म आफूले बिक्री गरेको उखुको पैसा नपाएका अधिकांश उखु किसान घरखेत गुमाइरहेका छन्। जग्गा भएकाले जायजेथा बेचेर पैसा तिरिरहेका छन्। त्यो पनि नहुनेहरू ३६ प्रतिशत ब्याजमा ऋण लिएर उखुखेती गर्दाको ऋण भुक्तानी गर्न बाध्य छन् ।

उखु उत्पादक किसानहरूको देशभरका छ वटा चिनी मिलबाट रु ९० करोड बक्यौता उठाउन बाँकी रहेको छ। काठमाडौंकेन्द्रित आन्दोलनका लागि किसानको सङ्ख्या थोरै भयो भनेर नहेप्न सङ्घर्ष समितिका अध्यक्ष रामस्वार्थ रायले आग्रह गरे। किसानहरूले गत कात्तिकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टलाई भेटेर बक्यौता रकम उठाइदिन आग्रह गरेका थिए। रकम नउठे आन्दोलनमा उत्रिने जानकारी उनीहरूले त्यतिवेलै दिएका थिए। त्यसपछि २९ कात्तिकसम्म रकम उठाइदिन उनीहरूले मन्त्री भट्टसँग आग्रह पनि गरेका थिए। त्यसको एक महिना बितिसक्दा पनि रकम नपाएपछि निर्णायक आन्दोलनमा उत्रिनुपरेको उखु किसान सङ्घर्ष समिति सर्लाहीका सचिव हरिश्याम रायले बताएका छन् । मुलुकभरमै सबैभन्दा बढी उखु खेती सर्लाहीमा हुन्छ। जिल्लाको अन्नपूर्ण र महालक्ष्मी सुगर मिलमा मात्रै सर्लाहीका किसानको करिब रु ३६ करोड बक्यौता छ।

उखु तराईका किसानको सबैभन्दा आकर्षक नगदेबाली हो तर पछिल्ला वर्षमा चिनी मिलबाट भुक्तानी पाउन मुस्किल हुन थालेपछि किसान अन्य खेतीमा लाग्न बाध्य भएका छन्। सोही कारण गत वर्ष एक करोड ४० लाख क्विन्टल उखु मात्र क्रसिङ भएको राष्ट्रिय उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले जानकारी दिए । अघिल्लो वर्ष रु दुई करोड आठ लाख क्विन्टल उखु क्रसिङ भएको उहाँको भनाई छ । यो तथ्याङ्कको तुलनामा गत वर्ष ६५ लाख क्विन्टल उखु कम उत्पादन भएको देखिन्छ। यसवर्ष उत्पादन झन् कम हुने बताइन्छ। उत्पादन घटेका कारण गतवर्ष करिब एक लाख ६० हजार मेट्रिक टन मात्र चिनी उत्पादन भएको थियो। जब कि स्वदेशी उद्योगीले दुई लाख २० हजार टनसम्म चिनी उत्पादन गर्दै आएका थिए। मुलुकभर करिब दुई लाख ५० हजार टन चिनीको माग छ भने उखुको उत्पादन घट्नु र उद्योगहरूले किसानहरूको भुक्तानी दिन आनाकानी गर्नुले जिल्लाका उखु उत्पादक किसानहरू थप मारमा परेका छन् ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको व्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाँडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै व्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको व्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# जुत्ता सिलाएर आत्मनिर्भर

विराटनगर, २९ पुस (रासस)।

तराईको कठचाङ्ग्रिँदो हावा, शीतलहर, हुस्सु र बाक्लो कुहिरो होस वा चर्को घाम वा झरी नै किन न होस, ७० वर्षीय पच्चुराम हरिसन सडक पेटीमा सधैं व्यस्त भेटिनुहुन्छ। पुराना र फाटेका चुत्ता र चप्पल सिलाउन औंला चलाइरहनुहुन्छ। प्रायः ग्राहकबाट उहाँ घेरिएका हुन्छन्।

विराटनगर महानगरपालिका गुद्री बजारस्थित हनुमान मन्दिर छेउमा बसेर विगत ४० वर्षदेखि जुत्ता, चप्पल सिलाउने र पोलिस लगाउने काम गरेर उहाँको दिन बित्ने गरेको छ। "यो आफ्नो पुर्ख्यौली पेशा हो, बुबाबाट हेर्दाहेर्दै सिकियो, अहिले फाइदै भएको छ", उहाँले भन्नुभयो, "दुःखमा जीवन धान्ने सीप नै रहेछ।" उहाँकहाँ जुत्ता-चप्पल सिलाउनेको भीड नै लाग्छ। जुत्ता-चप्पल सिलाएबापत उहाँले रु २० देखि एक सय ५० सम्म लिने गरेको छ। "यही सीपले पेट पालेका छौं", उहाँले भन्नुभयो, "यो पेशा अहिले आम्दानीका एउटा भरपर्दा माध्यम बनेको छ।"

कुनै तालीम नलिएको हरिसनसँग पेशाका लागि पुग्ने सीप छ। त्यही सीप आफ्नो परिवारको भविष्य निर्माणमा खर्चिन सडक पेटीमै बसेर उहाँ काम गर्नुहुन्छ। उहाँले यो पेशाबाट दैनिक कम्तीमा रु ५०० कमाउने गरेको बताउनुभयो। उहाँले पुरुष ग्राहकभन्दा महिला ग्राहक बढी पैसा दिने गरेकाले उहाँहरूप्रति मेरो सम्मान सधैँ नै उच्च छ भन्नुभयो। "प्रचण्ड गर्मी होस् वा बर्सात् वा हिउँद हामीलाई केही प्रभाव पर्दैन", उहाँले भन्नुभयो, "हामी एउटा छाता झुन्डयाउँछौँ र आफ्नो काममा व्यस्त हुन्छौं।"

**'पसिना बगाएर खानुपर्छ'**

पच्चुराम हरिसनको उमेर घर्किदैं गएको छ। तर उहाँलाई 'सकुञ्जेल हातपाखुरा बजारेर खानुपर्छ' भन्ने लाग्छ। त्यसैले ढल्किँदो उमेरमा पनि उहाँले जोस-जाँगरका साथ हात-पाखुरा चलाइरहनुभएको छ। "सकुञ्जेल हातपाखुरा बजारेर, श्रम-पसिना बगाएर खानुपर्छ" उहाँले भन्नुभयो, "त्यसैले मैले यो उमेरमा पनि आफूले जानेको काम गरिरहेको छु।" हातमा सीप र मनमा जोस-जाँगर भए, यसै व्यवसायबाट मनग्य कमाउन सकिने र पैसा कमाउन विदेश जानुनपर्ने उहाँको भनाइ छ। "गर्न सक्नेलाई यहीँ पैसा छ। हातमा सीप र मनमा जोस-जाँगर भए यसै व्यवसायबाट राम्रो कमाउन सकिन्छ", उहाँले भन्नुभयो।

हरिसनजस्तै विराटनगरमा धेरै व्यक्ति आफ्नै सीपबाट स्वरोजगार भएका छन्। तिनैमध्येका एक हुन् - मोची विनोदराम। विराटनगरको मुख्य बजार ट्राफिक चोकमा लगभग ३५ वर्षदेखि बसेर जुत्ताचप्पल सिलाएर उहाँले सात जनाको परिवार पाल्दै आउनुभएको छ। उहाँले भन्नुभयो, "सडकपेटी नै हाम्रो घर भएको छ, बिहान ८ बजे आएर आफ्नो पसल लगाउँछौं र राति अबेरसम्म काम गरेर घर फर्कने गरेका छौं।" "म आफ्नो कामप्रति समर्पित छु, मैले बनाएको जुत्ताचप्पलमा ग्राहकले सन्तुष्टि व्यक्त गर्दा निकै खुशी लाग्ने गरेको छ", उहाँले भन्नुभयो, "यो पेशामा धेरै पूँजी लगाउनु पर्दैन, मिहिनेत कम छ र आम्दानी पनि राम्रै हुन्छ।"

उहाँले यही पेशाको माध्यमबाट घरपरिवार चलाउनुका साथै छोरीलाई विद्यालयमा पढाउने गरेको बताउनुभयो। बुबाले यही पेशा अपनाउनु भएको थियो, बुबापछि अहिले म यो पेशा अपनाएको छु र यो परम्परा कहिलेसम्म चल्ने हो आफूलाई थाहा नभएको बताउने रामले भन्नुभयो, "भरपर्दो बासस्थान नभएकाले कहिले यहाँबाट लखेटिने हो, थाहा छैन।" विनोदरामले भन्नुभयो, "अरू बेला जेजस्तो पीडा भोग्नु परे पनि कोरोना महामारीका कारण सरकारले घोषणा गरेको बन्दाबन्दीले हाम्रो जीवन निकै कष्टप्रद बन्नपुग्यो।" बन्दाबन्दीमा व्यापार बन्द भएपछि कति खेर राहत आउँछ र जीवनयापन सहज हुन्छ भन्ने चिन्तामा बसेका बेला केही साथीभाइ वा आफन्तले सहयोग गर्दा निकै खुशी लागेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो "बुबाबाजेको पेशाले जीवन त चल्छ तर धन आर्जन गर्न सकिन्न।"

**मासिक ४० हजार कमाई**

यस्तै विराटनगर रोडशेष चोकमा विगत २० वर्षदेखि यही पेशामा काम गर्दै आउनुभएका ५० वर्षीय श्याम मोचीले भन्नुभयो, "शुरुशुरुमा मानिसहरूले हेपेर कुरा गरेको देख्दा यो पेशा छाडेर अरू पेशा गर्ने सोच आयो। तर के गर्नु सोच मात्र आएर भएन, त्यसका लागि त धेरै पैसा चाहिन्छ। पैसाको अभावमा जुत्ताचप्पल सिलाएर समय बिताउँदैछु।"

"करीब रु पाँच हजार भएमा यो व्यवसाय सञ्चालन गर्न सकिन्छ", उहाँले भन्नुभयो, "यो व्यवसायका लागि ब्रस, क्रिम, पोलिस, धागो, जुत्ताको भित्रको सुल, काँटी, तुना, सुलेसनजस्ता सामग्रीको आवश्यकता पर्दछ।" उहाँले एकजोर जुत्ता सिलाएको रु एक सय ३० र चप्पल सिलाएको रु एक सय लिनुहुन्छ। "जुत्ता-चप्पल मर्मतका साथै बिक्रीबाट मासिक झण्डै ४० हजार कमाई हुन्छ", उहाँले भन्नुभयो। यस व्यवसायमा लागेपछि समयको सदुपयोगसँगै अर्थोपार्जन समेत भएको उहाँले बताउनुभयो। "उमेर घर्किदैं गयो। बल-जोडको काम गर्न सकिँदैन। त्यसैले पुर्ख्यौली पेशालाई व्यवसायिक रूपमा सञ्चालन गरेको छु", उहाँले भन्नुभयो, "बसिबियाँलो भएको छ, साथमा कमाई पनि। यस व्यवसायबाट राम्रै कमाई हुन्छ।"

विगतमा तराईमा विवाह वा महोत्सवमा बाजा बजाउने यी जातिका महिलाले सुँडेनीको काम पनि गर्ने गरेका थिए। यी समुदायका मानिसहरूले अहिले बाजा बजाउन छाडेका छन् भने उहाँहरूका नयाँ सन्ततिले वैदेशिक रोजगारतर्फ आकर्षित भएका छन्।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### युट्युबद्वारा राष्ट्रपति ट्रम्पको खाता एक साता निलम्बन

वासिङ्टन, २९ पुस (रासस/एएफपी)।

गूगलको स्वामित्वमा रहेको युट्युबले राष्ट्रपति डोनाल्ड ट्रम्पको च्यानललाई एक साताका लागि निलम्बन गरिदिएको जनाएको छ।

साथै आफ्नो नीति विपरीत हिंसा भड्काउने किसिमको उत्तेजक सामग्री पोस्ट गरेको जनाउँदै युट्युबले ती सामग्री पनि हटाइदिएको छ।

गत साता अमेरिकी संसद क्यापिटोलमा भएको ट्रम्प समर्थकको आक्रमणपछि ट्वीटर र फेसबुकले ट्रम्पका निजी खाता (अकाउन्ट) बन्द गरिदिएका छन्।

अमेरिकी ठूला प्रविधि कम्पनीले राष्ट्रपति निर्वाचित जो बाइडेन विरुद्ध राष्ट्रपति ट्रम्पले चुनावमा धाँधली गरेको भन्दै आधारहीन आरोप लगाएको भन्दै विरोध पनि गरेका छन्।

युट्युबले एक वक्तव्य जारी गर्दै भनेको छ, "हिंसा भड्किने सम्भावना अझै देखिएको सन्दर्भमा हामीले डोनाल्ड ट्रम्पको युट्युब च्यानलमा पोस्ट गरिएका सामग्री हटाइएको छ।"

ट्वीटरले ट्रम्पका कट्टर समर्थक मानिएको क्यूएनोन समूहसँग आबद्ध ७० हजारभन्दा बढी खाता पनि बन्द गरिदिएको छ। साथै स्नापच्याट र ट्वीचले पनि ट्रम्पका सामग्री पोस्ट गर्नबाट निलम्बन गरिदिएका छन्। राष्ट्रपति ट्रम्पको युट्युब च्यानलमा २७ लाख ७० हजार ग्राहक, समर्थक रहेका छन्।

### अमेरिकामा दशकौंपछि एक महिलालाई मृत्युदण्ड दिइयो

वासिङ्टन, २९ पुस (रासस/एएफपी)।

संयुक्तराज्य अमेरिकामा झण्डै सात दशकपछि पहिलो पटक एक जना महिलालाई अमेरिकी सङ्घीय कानुन बमोजिम मृत्युदण्ड दिइएको छ। एक गर्भवती आमालाई हत्या गरेको अभियोगमा जेल सजाय भोगिरहेकी ५२ वर्षीया लिसा मन्टगमेरीलाई घातक सूई लगाएर बुधबार मृत्युदण्ड दिइएको अमेरिकी न्याय विभागले जनाएको छ। ती महिलालाई इन्डियाना राज्यको टेरी हट कारागार राखिएको थियो।

मन्टगमेरीले सन् २००४ मा गर्भमा रहेको शिशु चोर्ने अभिप्रायले २३ वर्षीय एक महिला बबी जो स्टिनेटको पेट चिरेर हत्या गरेकी थिइन्। अमेरिकी सर्वोच्च अदालतले मन्टगमेरीलाई मृत्युदण्ड दिनेसम्बन्धी एक आदेश जारी गरेको केही घण्टापछि मृत्युदण्ड दिइएको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गम्भीर अपराधमा संलग्नलाई सङ्घीय कानुन बमोजिम मृत्युदण्ड दिनेगरी कार्यकारी आदेश जारी गर्नु भएको थियो।

### आतङ्कवादी मुलुकको सूचीमा राखेको भन्दै क्युबाद्वारा अमेरिकी कदमको निन्दा

हवाना, २९ पुस (रासस/सिन्ह्वा)।

क्युबाका राष्ट्रपति मिगेल डायाज-कनेलले आफ्नो देश क्युबालाई आतङ्कवादीलाई प्रश्रय दिने मुलुकको सूचीमा राखेकामा संयुक्तराज्य अमेरिकाको निन्दा एवं भर्त्सना गर्नु भएको छ।

राष्ट्रपति मिगेलले मङ्गलबार ट्वीट गर्दै क्युबाले जहिल्यै आतङ्कवादको विरोध गरिआएको र क्युबा अनावश्यकरुपमा दण्डित भएको बताउनुभयो। उहाँले क्युबा कहिल्यै पनि आतङ्कवादलाई प्रश्रय दिने मुलुक नरहेको पनि बताउनुभयो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालमा क्युबामाथि शत्रुतापूर्व व्यवहार गरिएको बताउँदै राष्ट्रपति मिगेलले आगामी बाइडेन प्रशासनमा दुबै मुलुकबीचको सम्बन्धमा सुधार हुने विश्वास व्यक्त गर्नुभयो।

अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले क्युबालाई आतङ्कवादलाई प्रश्रय दिने मुलुकको सूचीमा राखेको घोषणा गरेलगत्तै क्युबाली राष्ट्रपति मिगेलले यस्तो प्रतिक्रिया दिनु भएको हो।

क्युबालाई सन् १९८२ मा अमेरिकाले आतङ्कवादलाई प्रोत्साहन गर्ने मुलुकको सूचीमा राखेको थियो तर सन् २०१५ मा बाराक ओबामा प्रशासनले उक्त प्रतिबन्ध फुकुवा गरेको थियो।

राष्ट्रपति ट्रम्पले क्युबाबाट अमेरिकालाई खतरा अझै रहेको भन्दै कडा आर्थिक प्रतिबन्ध घोषणा गर्नु भएको थियो।

### चीनमा ११५ जना कोरोनाका नयाँ संक्रमित

बेइजिङ, २९ पुस (रासस/सिन्ह्वा)।

चीनमा कोरोना भाइरसका नयाँ सङ्क्रमित भेटिएको पछिल्लो समाचारमा जनाइएको छ। चीनभित्रै सङ्क्रमणका थप ११५ वटा नयाँ घटना बाहिर आएको मङ्गलबार जानकारी दिइएको हो।

चीनको नेशनल हेल्थ कमिसनले बुधबार दिएको जानकारीअनुसार चीनमा मङ्गलबार ११५ जना नयाँ सङ्क्रमित भेटिएका र तीमध्ये १०७ जना त चीन भित्रैका नागरिकमा पाइएको हो।

यहाँका स्थानीय नागरिकबाटै ती १०७ जना व्यक्ति सङ्क्रमित भएका पाइएको समाचारमा जनाइएको छ।

चीनले कोरोनाबाट निको भएका नागरिकको पुनःस्वास्थ्य जाँच सुरु गरेको छ। कोरोना पुनः हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै चीनले यस्तो कदम सुरु गरेको जनाएको छ।

बुधबार दिइएको जानकारीमा चिनियाँ स्वास्थ्य अधिकारीले मङ्गलबार भेटिएका ११५ सङ्क्रमितमध्ये १०७जना स्थानीयस्तरमै आपसमा सङ्क्रमित भएको पाइएको र अरु विदेशबाट आएका हुन्।

चीनले निको भएका बिरामीमाथि पनि नजर राख्न र पुनःस्वास्थ्य परीक्षण गर्ने काम केही महिना यतादेखि नै थालेको हो।

मंगलबार भेटिएका स्वदेशी सङ्क्रमितमध्ये ९० जना त उत्तरी चीनको हुबे प्रान्तका पाइएका हुन्। यसबाट सो क्षेत्रमा पछिल्लो समयमा स्थानीयस्तरमा कोरोना सङ्क्रमण बढेको पाइएको बताइएको छ।

# बारालाई प्रदेश स्तरीय क्रिकेटको उपाधी



**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि प्रदेश नं. २ अर्न्तगत प्रदेश स्तरीय छनौट क्रिकेट प्रतियोगिताको उपाधी बाराले हात पारेको छ। बाराले पर्सालाई १ सय २७ रनको अन्तरले पराजित गर्दै ट्रफि हात पारेको हो ।

सिद्धेश्वर क्रिकेट मैदान कलैयामा मंगलवार सम्पन्न फाईनल खेलमा बाराले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित ५० ओभरको खेलमा ४९ ओभरमा सम्पुर्ण बिकेट गुमाई १ सय ७७ रनको योगफल तयार गरेको थियो ।

बाराका लागि तिर्थराज दासले आर्कषक ब्याटिंग गर्दै १ सय २५ बलमा ४ चौक्का र २ छक्काको मद्धतले ७६ रनको योगदान दिएका थिए भने रवि साह ४२ तथा नवि आलमले अविजित १४ रनको योगदान दिएका थिए । बलिंग तर्फ पर्साका अल्फाज मंसुरीले ३ तथा समसाद अन्सारी र नसरुदिन अन्सारीले सामान २ बिकेट लिएका थिए । अन्य बलरमा सैफुल्लाह अन्सारी, हासिम अन्सारी र समसाद मन्सुरीले सामान १ बिकेट लिएका थिए ।

यता १ सय ७८ रनको लक्ष्य लिई मैदानमा ओर्लेको पर्सा आदिल अन्सारीको घातक बलिंग सामु निरिह हुदै २२ ओभर ५ बलमा सम्पुर्ण बिकेट गुमाई ५० रनमै समेटिएको थियो । आदिलले ६ ओभर ५ बलमा २ मेडन सहित ९ रनदिई ५ बिकेट लिएका थिए । अन्य बलरमा समिर नेपालले २ तथा भुलावन साहनी र कुमार थापाले सामान १ बिकेट लिएका थिए । कुमार थापाले आफनो ५ ओभरको स्पेलमा ५ वटै मेडन गरेका थिए । पर्साका लागि सन्तोष कार्कि १३ र सोनु अन्सारी ११ बाहेक कसैले दोहोरो अंक छुन सकेका थिएन ।

सम्पन्न खेलको म्यान अफ द म्याच बाराका आदिल अंसारी भएका थिए । प्रतियोगिता अर्न्तगत बेष्ट बलर बाराका आदिल अंसारी, बेष्ट ब्याटसम्यान महोतरीका रवि सिंह तथा म्यान अफ द सिरिज सप्तरीका महवुव आलम भएका थिए ।

बिजेता खेलाडीहरुलाई प्रदेश क्रिकेट संघका अध्यक्ष हिरा भगत, जिल्ला क्रिकेट संघ बाराका अध्यक्ष प्रभात चौरसिया, कलैया उपमहानगरपालिकाका मेयर राजेश राय यादव, पुर्व अन्तराष्ट्रिय खेलाडी पवन अग्रवाल, कलैया क्रिकेट क्लबका अध्यक्ष तसरुदिन मन्सुरी लगायतले ट्रफि तथा प्रमाण पत्र बितरण गरेका थिए ।

# आयल निगमको खुद नाफा रु १२ अर्ब ९१ करोड ४८ लाख

काठमाडौँ, २८ पुस (रासस) ।

नेपाल आयल निगमले गत आर्थिक वर्ष २०७६/७७ मा खुद नाफा रु १२ अर्ब ९१ करोड ४८ लाख गरेको जनाएको छ । निगम सञ्चालक समितिको ३९औँ वार्षिक साधारणसभामा निगम सञ्चालक समितिका अध्यक्ष एवं उद्योग, वाणिज्य तथा आपूर्ति सचिव वैकुण्ठ अर्यालले उक्त प्रतिवेदन प्रस्तुत गर्नुभएको निगमले जनाएको छ ।

निगमले नाफा रकमबाट निगमका शेयरधनीलाई चुक्ता पूँजीको २० प्रतिशत बराबरको नगद लाभांश रु दुई अर्ब २० करोड वितरण गर्न साधारणसभाले स्वीकृति प्रदान गरेको थियो । निगमका प्रवक्ता विनितमणि उपाध्यायका अनुसार आव २०७६/७७ को लेखापरीक्षणसमेतका वित्तीय विवरण पहिलो पटक नेपाल वित्त रिपोर्टिङ मापदण्ड (एनएफआरएस) अनुसार तयार पारिएको हो ।

निगमका कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलले साधारणसभामा निगमले गरिरहेका सुधारका विविध पक्षबारे जानकारी गराउँदै निगमलाई पूर्ण कप्युटरकृत स्वचालित विधिमा रुपान्तरण गरी देशकै नमूनायोग्य संस्थामा रुपान्तरण गर्न प्राप्त सहयोग र हौसलाप्रति सबैमा आभार व्यक्त गर्नुभएको थियो ।

निगम व्यवस्थापनले निगमको साधारणसभा सम्पन्न गर्न सहयोग पुऱ्याउने उद्योगमन्त्री लेखराज भट्ट र राज्यमन्त्री विमला विक, सचिव डा अर्याल, शेयरधनी प्रतिनिधि, सञ्चालक समितिका पदाधिकारी, लेखापरीक्षक, निगमका कर्मचारी एवं व्यवसायीलाई धन्यवादसमेत दिएको प्रवक्ता उपाध्यायले जानकारी दिनुभयो ।

### चिसोका कारण ...

असहाय, विपन्न परिवारका बालबालिकाको सूची तयार गरि विद्यालयमै पुगेर बितरण गरिएको जानकारी दिदै प्रमुख सेनानी भण्डारीले सामाजिक उत्तरदायित्व अन्तरगत सहयोग जुटाइएको बताए ।

केही दिन अघिमात्र अपाङ दिवसको अवसर पारेर सैनिक श्रीमती संघले एक कार्यक्रमको आयोजना गरि शारीरिक रुपमा अशक्त भई कष्टकर जिवन बिताउन बाध्य १३ जनालाई ह्वील चेयर बितरण गरेको थियो ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*